# 3 पवित्र आत्मा

*यस अध्यायका मूल पदहरू:* यूहन्ना १४:१६-१८, यूहन्ना १४:२६, यूहन्ना १५:२६, मत्ती १२:३१,३२, यूहन्ना १६:८, यूहन्ना ३:५-८, लूका ११:९-१३।

*स्मरण गर्नुपर्ने पदि:* **"मैले पितासँग अनुरोध गर्नेछु। तिमीहरूलाई सहयोग गर्न अर्को मित्र उहाँले पठाउनुहुनेछ। उनी तिमीहरूसँग सदासर्वदा रहनेछन्।" (यूहन्ना १४:१६ रूपान्तरित)।**

**परमेश्वर पिता र प्रभु येशूको बारेमा जति मानिसहरूलाई थाहा छ त्यति पवित्र आत्माको बारेमा बुझेको छ जस्तो देखिन्दैन।** यो केही हदसम्म अनौठो छ किनकि त्री-एक परमेश्वरमा पवित्र आत्मा हामीसँग एकदम नजिक हुनुहुन्छ। हामीलाई पुर्नर्जीवित पार्ने उहाँ नै हुनुहुन्छ। हामी भित्र रहेर हामीहरूको आत्मिक चोला परिवर्तन गराउने र हामीहरूको आचरणलाई बदल्ने उहाँ नै हुनुहुन्छ। तर त्यस शक्तिको बारेमा कतिपयलाई थोरैमात्र थाहा छ।

किन त? यथार्थमा भन्ने हो भने जति परमेश्वर पिता र येशूको बारेमा विस्तृत जानकारी बाइबलमा छ त्यत्तिको जानकारी पवित्र आत्माको बारेमा दिएको देखिएको छैन। बाइबलमा पवित्र आत्माको बारेमा धेरै पदहरू छन्। तर प्रायजसो ती पदहरूले उहाँको बारेमा केवल प्रतिकको रूपमा वा शब्द-चित्र बनाएर वयाख्या गरेको पाइन्छ। पवित्र आत्माको कामको बारेमा बाइबलमा यथेष्ठ जानकारी दिएको छ। तर उहाँको व्यक्तित्वको स्वभाव वा उहाँ को नै हुनुहुन्छ भनेर धेरै उल्लेख गरिएको छैन।

पवित्र आत्माको काम आफैले गर्दा पनि उहाँको बारेमा धेरै जानकारी नभएको देखिन्छ। उहाँले हरदम हाम्रो ध्यान ख्रीष्टतिर लगाउन खोजेको हुनाले नै उहाँको भूमिका अदृष्य भएर बसेको पाइन्छ। उहाँले मानिसहरूलाई आफूतिर कहिल्यै पनि खिँचेको चाहनुहुन्न। मुक्तिको योजनामा परमेश्वर पिता र परमेश्वर पुत्रको

सेवामा पवित्र आत्मा क्रियाशील हुनुहुन्छ। तर उहाँको कामले गर्दा उहाँ पिता वा पुत्रको बराबरीमा छैन भन्नु होइन।

येशूले पवित्र आत्माको बारेमा हामीलाई के सिकाउनुहुन्छ भनेर यस अध्यायमा नियाल्ने छौं। हामीहरूको जीवनलाई आत्मिक उच्चकोटीमा ढाल्न पवित्र आत्माले सहयोग गरुन् भनेर हामी हृदयदेखि नै कामना गरौं।

## १. येशूको प्रतिनिधि (यूहन्ना १४:१६-१८)

त्रसित र दिक्क मानेर येशूका चेलाहरूले उहाँको छिट्टै आउने मृत्युको खबर उहाँबाट सुन्नु परेको थियो। ख्रीष्टको अनुपस्थितिमा तिनीहरूको गुरू, भलोमित्र र सल्लाहकार अरू को होला? तिनीहरूको ती आवश्यकताहरूप्रति उहाँ अत्यन्त संवेदनशील हुनुभएको थियो। त्यसैकारण उहाँको अनुपस्थितिमा उहाँले आफ्नो प्रतिनिधि पठाउन तिनीहरूलाई वचन दिनुभएको थियो।

आफ्नो प्रतिनिधिको विशेष नाउँ ख्रीष्टले के भन्नुभएको थियो? त्यो नाउँ एकदम उचित थियो भनेर हामीले कसरी मान्ने? हेर्नुहोस यूहन्ना १४:१४-१८ र २६ "तिमीहरूले मेरो नाउँमा कुनै थोक माग्यौ भने म गरिदिनेछु। १५ "तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर्नेछौ। १६ र म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ। १७ यिनी सत्यका आत्मा हुनुहुन्छ, जसलाई संसारले ग्रहण गर्न सक्दैन, किनभने संसारले उहाँलाई न त देख्छ न चिन्छ। तिमीहरू उहाँलाई चिन्छौ, किनभने उहाँ तिमीहरूसँग वास गर्नुहुन्छ, र उहाँ तिमीहरूमा रहनुहुनेछ। १८ "म तिमीहरूलाई टुहुरा छोड्नेछैनँ। म तिमीहरूकहाँ आउनेछु।" २६ "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।"

ग्रीक भाषामा पवित्र आत्माको बारेमा सम्बोधन गर्दा पाराकल्टोस (parakletos) भन्ने शब्द प्रयोग गरिएको छ। त्यसको अर्थलाई विभिन्न अनुवादमा यसरी उल्लेख गरिएका छन्ः सहयोगी,

सल्लाहकार वा परामर्शदाता र सान्त्वनाकारी। त्यस पाराकल्टोस भन्ने शब्द पारा र क्लेटोस भन्ने मिलेर बनाइएको हो। त्यसको अर्थ "छेऊमा" र "बोलाइएको" हुन्। अर्थात् "साथसँग बस्न बोलाइएको" भन्ने अर्थ लाग्छ। "कोही व्यक्ति कसैको साथमा सहायता गर्न अनुरोध गरिएको" भन्ने धारणा त्यसले देखाउँछ। त्यस्तो व्यक्ति सहजकर्ता वा मध्यस्थकर्ता, सहयोगी, सल्लाहकार वा परामर्शदाता र वकिल हुनसक्छ।

उपरोक्त पाराक्लेटोस भन्ने शब्द नयाँ करारमा केवल यूहन्नालेमात्र प्रयोग गरेको पाइन्छ। येशू ख्रीष्टको बारेमा वाख्या गर्न पनि यूहन्नाले त्यही शब्द प्रयोग गरेका थिए (१ यूहन्ना २:१)।

जब येशू यस संसारमा सेवाकार्यको निम्ति आउनु भएको थियो तब उहाँ चेलाहरूको सल्लाहकार, सहयोगी र सान्त्वनाकारी हुनुभएको थियो। त्यसकारण उहाँलाई प्रतिनिधित्व गर्ने पवित्र आत्माले पनि त्यही नामले सम्बोधन गरिनु उपयुक्त देखिन्छ। अनि पुत्रले आफ्नो नाउँमा आफ्नो काम गर्न यस संसारमा खटिन पितासँग अनुरोध गरि पठाइनुभएको थियो (यूहन्ना १४:१६,२६)। यस पृथ्वीमा पवित्र आत्माले येशूको कामलाई निरन्तरता दिनुहुन्छ।

पवित्र आत्माद्वारा नै येशूले आफ्ना चेलाहरूसँग आत्मिक रूपमा काम गर्नु भएको थियो। “म तिमीहरूलाई आमाबाबु नभएको टुहुरा जस्तै त्यसै छोड्दिन। म तिमीकहाँ आउनेछु।" (यूहन्ना १४:१८ रूपान्तरित)। कहिलेकाहीँमात्र भेट्न आउनेछु भनेर येशूले भन्नुभएको छैन। यदि कहिलेकाहीँमात्र आउने भए टुहुराको निम्ति त्यस्तो सान्त्वना हुने थिएन। बरू स्थायीरूपमा येशू तिनीहरूसँग अत्यन्त नजिक वा तिनीहरूभित्र रहने कबूल गर्नुभएको थियो (यूहन्ना १४:२० रूपान्तरित)। केवल चेलाहरूको बीचमा पवित्र आत्माले काम गरेमात्र त्यो सम्भव थियो।

येशूको मानविय स्वभाव वा अवतारले गर्दा उहाँ सबै ठाउँमा एकै समयमा हुन सम्भव भएको थिएन। मानव स्वभावले उहाँको सर्वब्यापी हुने गुणलाई रोकेको थियो। तर पवित्र आत्मा सर्वव्यापी हुनुहुन्छ अर्थात् उहाँ जहिलेपनि जतातते हुनुहुन्छ (भजन १३९:७)। पवित्र आत्माद्वारा हामीहरूका उद्धारकर्ता जहिलेपनि उपलब्ध हुनुहुन्छ।

उहाँका उपासकहरू जहाँ भएतापनि वा येशू जति टाढा भएतापनि पवित्र आत्माको माध्यमबाट येशू तिनीहरूको साथमा हुनुहुन्छ।

पवित्र आत्माको बारेमा पूरा ज्ञान नभएतापनि वा उहाँको स्वभावको बारेमा जान्न सजिलो नभएतापनि तपाईंको जीवनमा उहाँको उपस्थिति भएको कहिलै अनुभव गर्नुभएको छ? उहाँले कुन् कुन् रूपमा उहाँ तपाईंसँग हुनुहुन्छ भन्ने आभास तपाईंलाई दिनुभएको छ?

## २. पवित्र आत्मा व्यक्तिविशेष हुनुहुन्छ (यूहन्ना १४:२६)

(आत्मा भन्दा केवल अदृष्य हावा जस्तो व्यक्तित्व नभएको तत्व भनेर कतिपयले ठानेका हुनाले) एलेन जी ह्वाइटले उहाँको बारेमा यसरी लेख्दछिन् “यथार्थमा भन्ने हो भने पवित्र आत्माको स्वभाव वा स्वरूप रहस्यमय छ। कुनै पनि मानव प्राणीले उहाँको बारेमा वाख्या गर्न सक्षम् छैन। परमेश्वरले उहाँको स्वरूपको बारेमा त्यतिको जनाउ मानिसहरूलाई दिनुभएको छैन।....हामीहरूको मानव मगज उहाँका रहस्यहरू बुझ्न त्यतिका गहिऱ्याइमा पुग्न नसक्ने भएकोले नै बाइबलमा उहाँको बारेमा जति भनिएका छन् त्यो भन्दा बेसी खोजतलास गर्नु मनावसीव देखिन्दैन।"-आक्टस अभ आपोस्टल्स्, पृ. ५२बाट रूपान्तरित।

तर यस धारणालाई पनि उनले समर्थन् जनाइएकी छिन् “पवित्र आत्मा व्यक्ति हुनुहुन्छ। किनभने हामीहरूमा भएका आत्माहरू वा प्रेरणात्मक जोशहरूलाई हामीहरू परमेश्वरका सन्तान् हौं भनेर उहाँ पवित्र आत्माले देखाउनुहुन्छ।.....उहाँ त्रीएक-परमेश्वरमा पनि एक हुनुहुन्छ। यदि हुनुभएनभने परमेश्वरको मनमष्तिश्कमा लुकिएका रहस्यहरूलाई उहाँले खोज्न सक्नुहुन्नथ्यो।"-एलेन जी ह्वाइट, इभान्जलिजम, पृ. ६१६,६१७बाट रूपान्तरित। उनले व्यक्त गर्नुभएको उपरोक्त विचार रोमी ८:१६ र १ कोरन्थी २:१०,११मा आधारित छ। हामी मानव स्वभाव भएकोले कतिपय कुराहरू बुझ्न सक्दैनौं। हामीहरूको मगज सिमित छ। तर पवित्र आत्मा व्यक्ति हुनुहुन्छ र उहाँ पनि परमेश्वर हुनुहुन्छ भनेर बाइबलले प्रकाश गरेका जानकारीप्रति केही हदमा संतुष्ट हुनुपर्दछ। पवित्र आत्माको बारेमा येशूले जे भन्नु भयो त्यसले उपरोक्त भनाईलाई समर्थन गर्दछ।

पवित्र आत्मा कुनै घुमिरहने हावा जस्तो नभएर व्यक्ति नै हुनुहुन्छ भनेर देहायका केही पदहरूले सिकाएका उहाँका कामहरूले हामीलाई के देखाउँछ? हेर्नुहोस्ः यूहन्ना १४ः२६ " तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ।", यूहन्ना १५ः२६ " जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।" र यूहन्ना १६ः७-१५ " म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु। ८ अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। ९ पापको विषयमा, किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्, १० धार्मिकताको विषयमा, किनभने म पिताकहाँ जान्छु, र तिमीहरू मलाई फेरि देख्नेछैनौ। ११ र न्यायको विषयमा, किनभने यस संसारको शासकलाई दण्डाज्ञा भइसकेको छ। १२ "मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ। १३ जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोर्‍याउनुहुनेछ। उहाँ आफ्नो तर्फबाट बोल्नुहुनेछैन। उहाँले जे सुन्नुहुन्छ, त्यही बोल्नुहुनेछ, र हुन आउने कुराहरू तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ। १४ उहाँले मेरो महिमा गर्नुहुनेछ, किनभने जे मेरो हो, त्यो मबाट लिएर तिमीहरूलाई सो घोषणा गरिदिनुहुनेछ। १५ जे-जति पितासँग छन्, ती मेरा हुन्। यसैकारण मैले भनें, जे मेरो हो त्यो मबाट लिएर आत्माले तिमीहरूलाई घोषणा गरिदिनुहुनेछ।"

पवित्र आत्मा सक्रिय भएर धेरै कामहरू गर्ने बारेमा येशूले जानकारी दिनुभएको थियो। ती सबैले पवित्र आत्मा व्यक्ति नै हुनुहुन्छ भनेर देखाउँछन्। पवित्र आत्मा बाहेक हामीलाई सिकाउन सक्ने र ख्रीष्टले भन्नुभएका वचनहरूलाई सम्झाउन सक्ने व्यक्तित्व भएको अरू को असल जीव हुनसक्छ र (यूहन्ना १४ः२६)? येशूको बारेमा बोल्न

वा गवाही दिन (यूहन्ना १५:२६), संसारका मानिसहरूबाट उहाँलाई ग्रहण गराउन (यूहन्ना १६:८), आत्मज्ञानका सबै सत्यहरूतिर जान हामीलाई अगुवाइ गर्न र बोल्न सक्ने र सुन्न सक्ने (यूहन्ना १६:१४) असली व्यक्ति उहाँबाट अरू को होला र?

नयाँ करारका लेखकहरूले येशूका शिक्षाहरूको अनुसरण गरेका थिए। एक व्यक्तिमा हुनुपर्ने सबै सद्गुणहरू उहाँमा छन् भनेर ती लेखकहरूले यसरी ठोकुवा गरेका थिएः इच्छाशक्ति (१ कोरन्थी १२:११), दिमागलाई खेलाउन सक्ने सामर्थीपना (प्रेरित १५:२८, रोमी ८:२७) र भावनाहरू वा भावुक बन्ने स्वभाव (रोमी १५:३०, एफिसी ४:३०)।

स्पष्टरूपमा भन्ने हो भने पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। त्यसैकारण हामी नम्र भएर उहाँको इच्छा र अगुवाइमा समर्पित भएर हामी हिँड्नुपर्छ। हामीहरूको हृदयमा रहन उहाँलाई आमन्त्रण गर्नुपर्छ (रोमी ८:९), हामीहरूका जीवनहरूलाई परिवर्तन गर्न उहाँलाई अवसर दिनुपर्दछ (तीतस ३:५) र हामीहरूको चरित्र वा स्वभावमा पवित्र आत्माका फलहरू फलाउनु पर्दछ (गलाती ५:२२,२३)। मानिसहरू जतिसुकै घमण्ड गरेतापनि हामी आफैले केही गर्न सक्दैनौं। हामीहरूको जीवनमा उहाँको शक्तिलाई काम गर्न दिएमात्र येशूले दिनुभएको वचनलाई हामी पालन गर्न सक्दछौं र उहाँले गर्नुभएको प्रतिज्ञाको उपभोग गर्न सक्दछौं।

पवित्र आत्मा परमेश्वरले हामीलाई दिनुभएको वरदान हो। अरू कुनै वरदान वा उपहार जस्तै पवित्र आत्माको वरदान वा उपहारलाई स्वविवेक प्रयोग गरि स्वीकार गर्न सक्छौं। तपाईंको दैनिक जीवन के यस्तो कार्यकलापमा लागिरहनुभएको छ जसबाट पवित्र आत्माले मनाही गर्न कोशिस गर्दागर्दै पनि त्यसलाई वेवास्ता गरिरहनुभएको छ?

## ३. पवित्र आत्मा परमेश्वर हुनुहुन्छ (मत्ती १२:३१,३२)

जब येशूले आफ्ना चेलाहरूलाई पवित्र आत्माको बारेमा चिनारी गर्नुभयो उहाँले पवित्र आत्मालाई अर्को सहयोगी भनेर सम्बोधन गर्नुभएको थियो (यूहन्ना १४:१६)। अर्को भन्ने शब्द जुन् येशूले प्रयोग

गर्नुभयो त्यो ग्रीक भाषाको आलोस् (allos) शब्द थियो। त्यसको अर्थ "त्यही किसिमको अर्को खालका" भन्ने बुझाउँछ। तर अर्को ग्रीक शब्द हेटिरोस (heteros)चाहिँ होइन जसको अर्थ "अर्कै गुण भएको फरक खालको" हो। जुन् चरित्र वा स्वभाव पिता र पुत्रलाई जोडिराख्छ त्यही चरित्र वा स्वभावले येशू र पवित्र आत्मालाई पनि जोडिराख्छ।

"जुन हुने कुराहरू हुन् त्यसलाई पवित्र आत्माले तिमीहरूलाई जानकारी गराउनेछ" भनेर येशूले चेलाहरूलाई भन्नुभएको थियो (यूहन्ना १६:१४ रूपान्तरित)। परमेश्वरलाई मात्र भविष्यका कुराहरूको बारेमा जानकारी गराउने अधिकार छ (यशैया ४६, ९,१०)।

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ। बाइबलका लेखकहरूलाई प्रेरणा दिएर काम गराउन पवित्र आत्मा सक्रिय हुनुभएकोले उहाँ परमेश्वर नै हुनुहुन्छ भन्ने तथ्यलाई पुष्टी गर्दछ। त्यस कामको निम्ति पवित्र आत्मा खताइनुभएको हो भनेर येशूले स्पष्ट पार्नुभएको थियो। "पवित्र आत्माबाट प्रेरणा पाएर नै दाउदले भनेका थिए" भनेर येशूले जिकिर गर्नुहुन्छ (मर्कूस १२:३६ रूपान्तरित, भजन ११०:१)।

जब येशू यस संसारमा हुनुहुन्थ्यो उहाँको मानवतालाई निरन्तररूपमा पवित्र आत्माले दोऱ्याइका थिए। बप्तिस्मा लिइसकेपछि येशूलाई पवित्र आत्माले अभिषेक गर्नुभएको थियो (मत्ती ३:१६,१७)। त्यसपछि पवित्र आत्माले उहाँलाई उजाड स्थानमा पवित्र आत्माको अगुवाईमा उहाँलाई उजाड स्थान अर्थात् मरुभूमिमा जानुभएको थियो (लूका ४:१ रूपान्तरित)। उहाँले शैतानको चालखेलमाथि भारी विजय प्राप्त गर्नुभएको थियो। उजाड स्थान अर्थात् मरुभूमिमा गरिएको परिक्षालाई पार गर्दै पवित्र आत्माको जोशले सुसम्पन्न भएर सक्रिय रूपमा सेवाकार्य गर्न येशू गालिलमा फर्कनुभएको थियो (लूका ४:१४ रूपान्तरित)। पवित्र आत्माद्वारा अचम्मका कामहरू येशूले गर्नुभएको थियो (उदाहरणमाः मत्ती १२:२८). परमेश्वरको पुत्र पवित्र आत्मामाथि भर पर्नुभएकोले पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर उहाँको चरित्रलाई जनाउने अर्को प्रमाण हो। परमेश्वर बाहेक अरू कसैसँग भर येशू पर्नुभएको कुरोलाई कल्पना गर्नु अकल्पनीय छ। परमेश्वर बाहेक अरूसँग भर पर्न येशू वाध्यात्मक हुनुहुन्न।

पिता र पुत्रसँगको सम्बन्धले पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भन्ने अर्को प्रमाण हो। उहाँ तिन व्यक्तित्वहरू एकै समानका हुन् भनेर धेरै पदहरूले देखाउँछन्। पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा दिनु भन्ने येशूको आदेशले त्री-एक परमेश्वरमा पवित्र आत्माको गरिमामय स्थानलाई अवगत गराउँछ (मत्ती २८:१९ रूपान्तरित)।

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भनेर मत्ती १२:३१,३२ले औँल्याएकोलाई तपाईं के भन्नुहुन्छ? हेर्नुहोस्: "त्यसैकारण म तिमीहरूलाई भन्दछु, मानिसहरूले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन। ३२ कसैले मानिसको पुत्रको विरुद्धमा केही भन्यो भने त्यसलाई क्षमा हुनेछ, तर कसैले पवित्र आत्माको विरुद्धमा बोल्यो भने त्यसलाई यस युगमा र आउने युगमा पनि क्षमा हुनेछ।"

मानिसको पुत्रको खिलाफमा कसैले बोल्यो भने त्यसलाई क्षमा दिइनसक्छ तर पवित्र आत्माको विरुद्धमा कसैले बोल्यो भने त्यसको क्षमा हुन सक्दैन रे! पवित्र आत्मा कुनै साधारण व्यक्ति होइन भनेर त्यसले स्पष्ट रूपमा भन्दछ। ईश्वर निन्दा पाप हो। त्यो निन्दा सिधै परमेश्वरको विरुद्धमा गरेको ठहर्छ। पवित्र आत्मा त्री-एक परमेश्वरको एक हुन् भनेर नै उहाँलाई परमेश्वर सरह मान्यता दिइएको हो। क्षमा दिन नसक्ने पापको बारेमा धेरै उल्लेख गरिएको छ। क्षमा दिन नसक्ने पापको सत्य परिभाषा यो हो: मानिसको चेतनामा पवित्र आत्माले जतिसुकै बोल्नुभएतापनि उहाँलाई नसुन्न कठोर हृदय गर्नु हो र उहाँले मानिसलाई उद्धार गर्न खेल्नुभएको भूमिकालाई शैतानको चालखेल हो भनेर शैतानलाई जस दिन खोज्नु!

## ४. पवित्र आत्माको काम (यूहन्ना १६:८)

यस संसारमा मानव अवतार लिएर आउनुभएको येशूको जीवनमा र बाइबलमा पवित्र आत्माको महत्त्वपूर्ण भूमिकाको बारेमा अगाडि हामीले हेऱ्यौं। तर हामीहरूको जीवनमा पनि हामीहरूलाई मुक्ति दिन पवित्र आत्माले कस्तो भूमिका खेल्दो रहेछ भनेर हामी एक छिन हेरौं।

येशूलाई हाम्रो मुक्तिदाता हुनुहुन्छ भनेर हामीहरूलाई तयार पार्न र ग्रहण गराउन पवित्र आत्माले कस्तो भूमिका खेल्दो रहेछ युहन्ना १६:८ “अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुन्छ।"

आफू बिमार हुँ भनेर स्वीकार नै नगरि कसले औषधी खान्छ र? यदि हामी पापी हौं भनेर स्वीकार गरेनौं भने हामीलाई मुक्तिको आवश्यक छ भनेर चाहना पनि गर्दैनौं। हामीहरूको चेतनामा विस्तारै विस्तार हामी पापी हौं, हामी गल्ती गर्छौं, हामी दोषी छौं र हामी परमेश्वरको पवित्र न्यायको अगाडि उभिरहेकाछौं र साथै उभिनेछौं भन्ने भावना पवित्र आत्माले नै जगाइराखेको हुन्छ।

अनि हामी त्यसबाट राहत पाउन वा मुक्ति पाउन के गर्नुपर्छ भनेर हामीले सोधिन्दा ख्रीष्टतिर हामी जानुपर्छ भनेर पवित्र आत्माले नै डोऱ्याउनुहुन्छ। पवित्र आत्माले येशू को हुनुहुन्छ भनेर औँल्याउनुहुन्छ (यूहन्ना १४:६)। येशूकहाँ हामीलाई पवित्र आत्माले लैजान्दा सबै सत्यमा उहाँले हामीलाई लगिरहनुभएको छ भनेर प्रमाणित गर्दछ (यूहन्ना १६:१३)। हामीलाई सत्य आत्माज्ञानतिर औँल्याउनमा पवित्र आत्माको विकल्प अरू छैन। त्यसैकारण पवित्र आत्मालाई सत्यको आत्मा भनेर पनि सम्बोधन गरिन्छ (यूहन्ना १४:१७)।

मुक्तिको कदममा अघि बढ्न हामी पापी हौं भनेर पहिला स्वीकार गर्नुपर्छ। त्यसको अर्थ स्वविवेकले पापबाट फर्केर जीवन बिताउन चाहना गर्नु हो। अनि जब हामी पाप स्वीकार गर्छौं तब हामीलाई येशू र उहाँको सत्यतिर पवित्र आत्माले निर्देशित गराउनुहुन्छ। अनि पवित्र आत्माद्वारा परमेश्वरको अत्यन्त महान् काम गर्न दिन हामी तयार हुन्छौं।

यसै जीवनमा नयाँ गरि जन्मेको वा पुनर्जीवनको प्रत्याभूति भएको अनुभव गर्नु किन अत्यन्त खाँचो छ? हेर्नुहोस्ः यूहन्ना ३:५-८ “येशूले जवाफ दिनुभयो, “साँच्चै म तिमीलाई भन्दछु, कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। ६ शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। ७ मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान। ८ बतास जता चाहन्छ उतै बहन्छ। तिमी बतासको आवाज सुन्छौ, तर त्यो कहाँबाट

आउँछ र कता जान्छ, त्यो जान्दैनौ। आत्माबाट जन्मेको हरेक व्यक्ति त्यस्तै हुन्छ।"

आफ्नै भरमग्दुर प्रयासले सुधारिएको जीवन बिताउन धेरैले कोशिस गर्छन्। आफूमाथि नै भर परेर सुधार्न कस्तो कठिन छ भन्ने कुरा सर्वविदितै छ। विशेष गरेर हामीहरूको पापी जीवनलाई परिवर्तित मोडमा लैजान परमेश्वरको सहायताबिना असम्भव छ। पापी मानिसले यसै जीवनमा पुनर्जीवनको प्रत्याभूति पाउन पवित्र आत्माको सृजनात्मक शक्तिको आवश्यक हुन्छ। पवित्र आत्मा बाहेकको त्यो काम अरूले गर्न सक्दैन। पवित्र आत्माद्वारा पुनर्जीवित पारेर र धोइएर हामी मुक्ति पाउँछौं भनेर पावलले तितस ३:५मा कोरेका छन्। मानिसको पुरानो जीवनमा हल्का परिवर्तन वा सुधार गर्न पवित्र आत्मा खटिनुभएको होइन तर उसको स्वभावलाई आमूल परिवर्तन गर्न र नयाँ जीवन पाएको अनुभव गराउन उहाँ खटिनुभएको हो। दुष्ट, बदमाश, जड्याँहा, अधर्मी, दुराचारी जस्ता मानिसहरू आमूल परिवर्तन भएको हामी बारम्बार देखिरहेकाछौं। त्यस अचम्मको कामले त्यस व्यक्ति सुसमाचारको पक्षमा कसरी उभिएको रहेछ भनेर देखाउँछ। यो नै पवित्र आत्माको कार्यकलापको बलियो उदाहरण हो।

पवित्र आत्माको काम येशूभक्तको जीवनको केवल सुरूमा मात्र सक्रिय हुने होइन। हाम्रो जीवनमा पवित्र आत्माको आवश्यक निरन्तररूपमा चाहिन्छ। हामीहरूको आत्मिक वृद्धिको निम्ति उहाँले नै सिकाउनुहुन्छ। हामीले सिकेका येशूका सबै वचनहरू सम्झन पवित्र आत्माको आवश्यकता छ (यूहन्ना १४:२६)। यदि हामीले पवित्र आत्मालाई निम्त्याएर हामीहरूको जीवनमा काम गर्न दियौं भने उहाँ हामीहरूको सहयोगी, सान्त्वनाकार र सल्लाहकार भएर हामीहरूको जिन्दगी भर हामीसँग रहनुहुनेछ (यूहन्ना १४:१६)।

खराब बानी वा चरित्रहरू बदल्न गाऱ्हो छ। तिनीहरूलाई हामीहरूको आफ्नै प्रयासमा बदल्न खोज्यौं भने पनि फेरि फर्केर त्यही बाटोमा लाग्न पनि सजिलो छ। हामीहरूको कमजोरीपना र पापमा फस्ने चाहनाले गर्दा हामीहरू पवित्र आत्मामा पूरारूपमा समर्पित हुने आवश्यकताको महसूस गर्न किन गर्नुपर्छ?

## ५. पवित्र आत्माले भरिपूर हुनुको अर्थ? (लूका ११:९-१३)

पवित्र आत्मा को हुनुहुन्छ भनेर उहाँको बारेमा आत्मज्ञान पाउनु जरुरी छ भन्ने कुरामा कोही दुइमत त हुनसक्दैन। तर यदि हामीहरूको जीवनमा उहाँलाई भर्न दिएनौं भने पवित्र आत्माको बारेमा अत्यधिक जानकारी भएपनि त्यसको अर्थ केही पनि हुँदैन। हाम्रो जीवनमा उहाँ काम गर्न चाहनुहुन्छ तर त्यो वातावरणलाई हृदयदेखि हामीले खुला राख्नुपर्दछ। यदि हामीले हाम्रो जीवनमा पवित्र आत्मालाई भित्राएनौं भने त्यहाँ अर्को किसिमको आत्मा घुमिरहेको हुन्छ जो हाम्रो शुन्य जीवनमा पस्न आत्तुरी भइरहेको छ। यदि हामीले त्यस आत्मालाई हामीहरूको जीवनमा घुस्न दियौं भने त्यसले अनेकौं गम्भिर आत्मिक समस्याहरू ल्याएको हुन्छ (मत्ती १२:४३-४५)। येशू ख्रीष्ट आफै पनि पवित्र आत्माले भरिनुभएको थियो (लूका ४:१ रूपान्तरित)। क्राइस्ट अबजेक्ट लेशन पृ. १३९मा एलेन जी ह्वाइटले यसरी कोर्नुभएको थियो "नियमित रूपमा उहाँले दिनदिनै पवित्र आत्माबाट ताजा बप्तिस्मा पाउनुभएको थियो।"

पवित्र आत्मालाई हामीले कसरी पाउँछौं भनेर लूका ११:९-१३मा देखाएको छ र त्यसलाई मनन गरेर परम पिता परमेश्वरले पवित्र आत्मा हामीलाई दिन कतिको उत्सुक हुनुहुँदो रहेछ सो पनि सोच्नुहोस्ः "म तिमीहरूलाई भन्दछु, माग, त तिमीहरूलाई दिइनेछ। खोज, त तिमीहरूले भेट्टाउनेछौ। ढकढक्याओ, त तिमीहरूका निम्ति खोलिनेछ। १० किनकि हरेक जसले माग्छ त्यसले पाउँछ, जसले खोज्छ त्यसले भेट्टाउँछ, र जसले ढकढक्याउँछ त्यसको निम्ति खोलिनेछ। ११ "तिमीहरूमध्ये कुनचाहिँ बुबा होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देला, कि माछा माग्दा माछाको सट्टा सर्प देला? १२ अथवा अण्डा माग्दा त्यसलाई बिच्छी देला? १३ तिमीहरू दुष्ट भईकन आफ्ना छोराछोरीहरूलाई असल थोकहरू दिन जान्दछौ भने, तिमीहरूका स्वर्गीय पिताले उहाँसँग माग्नेहरूलाई कति बढ़ी गरेर पवित्र आत्मा दिनुहुन्छ।"

येशूले आफ्ना चेलाहरूसँग अन्तिम भोजन खानुभएको बेलामा उहाँले तिनीहरूको निम्ति पवित्र आत्मा पठाउने प्रतिज्ञा गर्नुभएको

थियो। त्यस पवित्र आत्माले तिनीहरूलाई सान्त्वना दिनुहुनेछ र तिनीहरूलाई शिक्षादीक्षा दिनुहुनेछ भनेर उहाँले औंल्याउनुभएको थियो। ती चेलाहरूको त्यसबेलाको आवश्यकतालाई परिपूर्ति गर्ने काम उपरोक्त पवित्र आत्माको थियो। तर ख्रीष्ट बौरी उठ्नुभएपछि तिनीहरूको परिस्थितिमा परिवर्तन आएको थियो। तिनीहरूले नयाँ चुनौतीहरूको सामना गर्नुपरेको थियो।

येशूले गर्नुभएको प्रतिज्ञाको मूल विषय येशू बौरि उठ्नुभएपछि के थियो? हेर्नुहोस् प्रेरित १:४-८ "तिनीहरूसँग भोजनमा बस्नुहुँदा उहाँले तिनीहरूलाई यस्तो आदेश दिनुभयो, "तिमीहरू यरूशलेमबाट कतै नजाओ, तर पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ।" (लूका २४:४९) ५ किनभने यूहन्नाले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ।" (मत्ती ३:११ मर्क १:८) ६ यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, (मत्ती २८:१९ मर्क १६:१५ लूक २४:४७-४८) र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"

"पवित्र आत्माबाट तिमीहरूलाई बप्तिस्मा दिइनेछ" भन्ने येशूको कबूल केवल प्रेरित १:५मा मात्र छ। त्यस खालको विशेष बप्तिस्मा बप्तिस्मा दिने यूहन्नाले घोषणा गरेका थिए (मत्ती ३:११, यूहन्ना १:३३)। त्यस खालको बप्तिस्मा येशू स्वर्गमा नजाउँजेल भएको थिएन। पवित्र आत्माबाट बप्तिस्मा पाउनु भनेको के हो त?

प्रेरित १:८मा येशू आफैले त्यसको बारेमा व्याख्या गर्नुभएको थियो। उहाँले भन्नुभएको थियो "जब तिमीहरूमा पवित्र आत्मा खनिन्छ (प्रेरित १:८ रूपान्तरित) तब तिमीहरू पवित्र आत्माबाट बप्तिस्मा पाएका छौ।" (प्रेरित १:५ रूपान्तरित)। बप्तिस्माको अर्थ पानीमा पूरै चोपल्नु हो। शरीरको कुनै भागमात्र होइन पूरै शरीर पानीमा चोपलिनुलाई

बप्तिस्मा भनिन्छ। त्यसरी नै पवित्र आत्माबाट बप्तिस्मा लिनु भनेको आफूलाई पवित्र आत्माको प्रभावमा पूरै सुम्पनु हो। पवित्र आत्माले पूरै भरिनु हो (एफिसी ५:१८ रूपान्तरित)। यो केवल एक फेरा सधैंको निम्ति पूरा भएको अनुभव होइन। यो दिनदिनै पवित्र आत्माले हामीमा भरिरहनदिनु हो। पवित्र आत्माको आवश्यकता दैनिक रूपमा भएको महसूस गर्दै हाम्रो जीवनमा उहाँको अगुवाईलाई निम्त्याइरहनु नै पवित्र आत्माको बप्तिस्मा हो।

यदि कसैले तपाईंलाई "के तपाईं पवित्र आत्माले भर्नुभएको छ?" भनेर सोध्यो भने तपाईंको जवाफ के हुन्छ र किन?

**उपसंहार:** एलेन जी ह्वाइटले लेखेका देहायका सामग्रीहरूमा यस अध्यायका विषयवस्तुहरूलाई थप जानकरी दिएका छन्: टेस्टिमोनिज फर द चर्च, ठेली ८को पृ. १९-२३को "द पावर प्रोमिजड", आक्टस् अभ आपोस्टलस, पृ. ४७-५६को "द गिफ्ट अभ द स्पिरित।"

"सबै समयमा र सबै स्थान तथा परिस्थितिहरूमा, सबै शोक र दुःखकष्टहरूमा, भविष्य अन्धकार र अन्यौल देखिरहेको अवस्थामा हामी सबै जना निरीह अर्थात असहाय र एक्लो भएको महसूस गर्दछौं। तर जब त्यस आततायी अवस्था हामी प्रार्थना गर्छौं तब विश्वासको प्रार्थनाको जवाफ दिन पवित्र आत्मालाई पठाइएको हुन्छ। हामीहरूको भयानक अवस्थाले गर्दा यस संसारका प्रत्येक मित्रबाट हामी बिछोड हुनसक्छौं। तर कुनै परिस्थिति वा दुरीले स्वर्गको सहयोगी तथा सान्त्वनाकारबाट हामीलाई टाडा पार्न सक्दैन। हामी जहाँ गएतापनि हामीहरूलाई सहयोग गर्न, हामीहरूको हौसला बढाउन, हामीहरूलाई उत्साह दिन र हँसिलो पार्न पवित्र आत्मा हाम्रो दाहिने हातमा सधैं रहिरहनुहुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६६९,६७०बाट रूपान्तरित।

"आफ्ना प्रियजनहरूलाई सहायता गर्न येशूले आफ्नो पिताबाट पाउने सबै वरदानहरूमा पवित्र आत्मा अत्यन्त उत्कृष्ट वरदान हो। परमेश्वरका जनहरूलाई पुनर्जीवित पार्न र शक्तिलाई बढाउन पवित्र आत्मा दिइनुभएको हो। येशूलाई पछ्याउँछु भन्ने येशूभक्तहरूको जीवनमा पवित्र आत्मालाई काम गर्न दिइएन भने तिनीहरूको लागि

ख्रीष्टको बलिदानको कुनै अर्थ हुँदैन। विश्व इतिहासको परिप्रेक्ष्यमा शैताको दुष्ट चालहरूको भाऊ झन झन बढिरहेको छ। मानिसहरूको दिमागमा खराबीपना पसेको हुनाले त्यो बलियो भएर तिनीहरूमाथि फाइदा उठाइरहेको छ। शैतानको नियन्त्रणमा मानिसले आत्मसमर्पण गरेको देख्दा हामीलाई अचम्म लाग्ने स्वभाविकै हो। त्री-एक परमेश्वरको एक परमेश्वर पवित्र आत्माको पूरा बलले मात्र हामीहरूले पापलाई पन्छ्याएर जिउन सक्छौं। हामीहरूको मुक्तिदाता भएर येशूले हाम्रो निम्ति जे काम गर्नुभयो त्यसलाई उचित र असल देखाउने काम पवित्र आत्माको हो।"- एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ६७१बाट रूपान्तरित।

## चिन्तनमनन

१. मानिसहरू आफ्नो भाऊ खोज्न चाहन्छ। आफू को हो भनेर आफ्नो इज्जतलाई थाम्न मानिस भरमग्दुर प्रयास गर्छ। सबैको अगाडि आफू चम्केको चाहन्छ। तर पवित्र आत्मा जुन रूपमा नम्र भएर काम गर्नुहुन्छ त्यसबाट हामी के सिक्नसक्छौं?
२. निकोदिमससँगको छलफलमा येशूले पवित्र आत्मालाई हावासँग तुलना गर्नुभएको थियो। त्यस तुलनाबाट हामीले के आत्मज्ञान सिक्नसक्छौं?
३. कतिपय इसाईहरूले यो दावी गर्छन् कि यदि अन्य भाषा बोल्यो भनेमात्र पवित्र आत्माले भरिएको प्रमाणित गर्छ। त्यस दावीलाई हामीहरूले कसरी जवाफ दिने?
४. व्यक्ति विशेषको जीवनमा पवित्र आत्माले कसरी काम गर्नुहुन्छ भनेर हामी सोच्नु त मनासिव हो। तर त्यसै बखत परमेश्वरको विश्वासीहरूको समूह चर्चमा पनि पवित्र आत्मा कसरी काम गरिरहनुभएको छ भनेर कसरी थाहा पाउने?